# लिखु पिके गाउँपालिका

## योजना अनुगमन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/१०/०७
संशोधन मितिः २०८२/०३/०८

लिखु पिके गाउँपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकाले लिखु पिके गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "लिखु पिके गाउँपालिका, योजना अनुगमन कार्यविधि, २०८०" तर्जुमा गरी लागू गरिएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम "लिखु पिके गाउँपालिका, योजना अनुगमन अनुगमन कार्यविधि २०८०" रहेको छ

ख. कार्यविधि गाउँ कार्यापालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले लिखु पिके गाउँपालिकाको योजना अनुगमन कार्यविधि, २०८० लाई सम्झनुपर्छ ।

ख. "गाउँपालिका" भन्नाले लिखु पिके गाउँपालिका सम्झनुपर्छ ।

ग. "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ छैन भनी गाउँकार्यपालिकाद्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्वारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

घ. "अनुगमन समिति "भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## अनुगमन समिति

३. **अनुगमन समितिः** (१)गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक गाउँपालिका स्तरीय अनुगमन समिति रहनेछ :

क. गाउँपालिकाको उपाध्यक्ष- संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग. गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट २ जना (१ जना वडाध्यक्ष सहित ) -सदस्य

घ. योजना शाखा प्रमुख - सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरीयता कायम गर्नका लागि स्वयंम वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न बाधा पुगेको मानिने छैन। साथै आवश्यकतानुसार अनुगमन समितिले जिल्ला समन्वय समितिका पदाधिकारीलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

(२) गाउँपालिका वा वडा स्तरबाट संचालित रु. ३ लाख भन्दा बढि लागतका योजनाहरुको हकमा गाउँपालिका स्तरीय अनुगमन समितिले अनिवार्य अनुगमन गरि अनुसूची १ बमोजिमको प्रतिवेदन दिनुपर्ने छ भने ३ लाख भन्दा तलका योजना अनुगमनको लागि वडा समितिलाई अधिकार प्रदान गर्न सकिनेछ

(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन वडा समितिबाट पनि निरन्तर रुपमा गरिने छ । उक्त अनुगमनमा देखिएका कुराहरु बड़ा अध्यक्ष मार्फत गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

(४) वडा स्तरीय योजनाको अनुगमन सुपरीवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्ष र पूर्वाधार शाखा प्रमुख आमन्त्रित सदस्यको रुपमा हुनेछन् ।

४. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन गर्ने ।

ख. योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

ग. योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

घ. अनुगमन प्रतिवेदन तयार गरी पेश पेश गर्ने।

ङ. गाउँ सभा, गाउँ कार्यपालिका तथा अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

च. अन्तिम अनुगमनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कारबाहीका लागी सिफारिस गर्ने ।

## परिच्छेद- ३

## अनुगमन सुविधा

५. अनुगमन सुविधाः (१) दफा ३ को उपदफा (१) बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समितिको सदस्यले अनुगमनको समय वापतको दैनिक खाना, खाजा, चिया र बास खर्च बापत देहायको दरमा सुविधा प्राप्त गर्नेछन्।

| क.स | गा.पा. स्तरीय अनुगमन समिति पदाधिकारी | दैनिक खाना, खाजा, चिया र बास खर्च | कैफियत |
|---|---|---|---|
| १. | उपाध्यक्ष(संयोजक) | १०००/- | |
| २. | प्रमुख प्रशासकीय अधिकृत | १०००/- | |
| ३. | अन्य सदस्य | १०००/- | |
| ४. | योजना शाखा प्रमुख(सदस्य सचिव) | १०००/- | |
| ५. | आमन्त्रित सदस्य | १०००/- | |

(२) यस कार्यविधिको दफा ५ को (१) बमोजिमको सुविधा प्राप्त गर्न यसै कार्यविधिको अनुसूची १ बमोजिमको प्रतिवेदनको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ४
## अनुगमन प्रतिवेदन

६. **अनुगमन प्रतिवेदनः** दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन समितिले अनुसूचि-१ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

७. **प्रतिवेदन पेश गर्ने अवधिः** (१) दफा ३ को उपदफा (१) बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदन सम्बन्धित योजना, आयोजना तथा कार्यक्रमको अनुगमन पश्चात ७ दिन भित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ५ विविध

८. **बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

९. **खारेजी र बचाउः** (१) यो कार्यविधि लागु हुनु भन्दा अगाडी सञ्चालन भएका योजना/ आयोजना/ कार्यक्रमहरुको अनुगमन यहि ऐन अनुसार भए गरेको मानिनेछ।

(२) सो बमोजिम भए गरेको काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

परिच्छेद ४ को दफा ६ संग सम्बन्धित
लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
योजना अनुगमन समितिको प्रतिवेदन

मितिः

लिखु पिके गाउँपालिका कार्यालयको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको योजना / आयोजना / कार्यक्रम संचालन पश्चात गाउँ पालिका स्तरीय/ वडा स्तरीय अनुगमन समितिले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

१. योजना / आयोजना / कार्यक्रमको नामः

२. योजना संचालन भएको स्थानः

३. बिनियोजित रकम रु................................जनश्रमदान बाट व्यहोर्नु पर्ने

४. सम्झौता मितिः .......................... सम्पन्न गर्नु पर्ने मितिः

५. सम्पन्न भएको मितिः ..........................................अनुगमन मितिः

६. अनुगमनको क्रममा देखिएका कुराहरुः-

| क.स | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| | स्वीकृत लागत अनुमान बमोजिमको कार्य<br>तोकिएको गुणस्तर बमोजिमको कार्य | | | |
| | सार्वजानिक परीक्षण | | | |
| | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| | आयोजनाको सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |

**७. योजना/ आयोजना / कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरुः**

क.
ख.
ग.
घ.
ङ.

८. अनुगमन समितिको सुझावहरु:

क.

ख.

ग.

घ.

९. अनुगमन समितिको निष्कर्ष:

१०. अनुगमन समितिमा संलग्न पदाधिकारीहरु:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | | संयोजक | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| आमन्त्रित | | | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

अनुगमन समितिको संयोजकको हस्ताक्षर:

नाम/थर:

पद:

मिति: